# कर्मचारी सञ्चय कोषको प्रशासकको
## छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३

कर्मचारी सञ्चय कोषको प्रशासक पदमा खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि सिफारिस गर्ने प्रयोजनका लागि नेपाल सरकार, अर्थमन्त्रीस्तरको मिति २०८३।०२।१९ को निर्णयानुसार गठित समितिले अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

१. <u>दरखास्त आव्हान</u>ः

कर्मचारी सञ्चय कोषको रिक्त प्रशासक पदमा पदपूर्तिका लागि १५ दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको सूचना कम्तीमा दुईपटक प्रकाशित गरिनेछ।

२. <u>योग्यता तथा अनुभवः</u>

(अ) कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा ६क. बमोजिम कम्तिमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी, कोष वा संस्थाको अधिकृत प्रथम श्रेणी वा दशौं तह वा सो सरहको पदमा कार्यरत रहेको सञ्चयकर्ता।

(आ) अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ४ बमोजिम अयोग्य नरहेको।

३. <u>दरखास्तसाथ छनौट तथा सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्ने कागजात तथा विवरणहरुः</u>

(क) शैक्षिक योग्यता, कार्यानुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा कार्यानुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(ग) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यवसायिक कार्ययोजना(Business Action Pian) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ।

(घ) आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत निकायबाट विभागीय स्वीकृति लिएको पत्र संलग्न गर्नु पर्नेछ।

(ङ) आवेदकले अनुसूची -२ बमोजिमको स्वयं घोषणा समेत पेश गर्नुपर्नेछ।

४. प्रशासक पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार:

प्रशासक पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार कर्मचारी सञ्चय कोष ऐन, २०१९ तथा नियामक निकायवाट जारी भएको निर्देशिका, कार्यविधि तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन्।

५. व्यवसायिक कार्ययोजना पेश गर्नु पर्ने:

उम्मेदवारले दरखास्तसाथ पेश गर्न व्यावसायिक कार्ययोजना (Business Action Plan) कोषको प्रशासकका लागि तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार समेतका आधारमा निम्न बुँदाहरू समेत समावेश हुने गरी तयार गर्नु पर्नेछ।

(क) कर्मचारी सञ्चय कोषको वारेमा संक्षिप्त जानकारी,

(ख) कोषको विद्यमान अवस्थाको पहिचान र विश्लेषण,

(ग) कोषको सबल पक्ष, दुर्वल पक्ष एवं अवसर र चुनौतीहरूको विश्लेषण (SWOT Analysis),

(घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण (Analysis of Major Areas for Strategic Reform) र

(ङ) कोषको नियामकीय लगायतका काम, कर्तव्य, कार्य सम्पादनमा जोखिम व्यवस्थापनका साथै सेवा विस्तार र क्षमता अभिवृद्धि, संस्थागत सुधार एवं सुशासन (Corporate Reform and Good governance), मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, नेपाल सरकारद्वारा निर्दिष्ट गरिएका नीति तथा कार्यक्रमहरूको संचालन, कोषका काम कारवाहीको पारदर्शिता, स्वच्छता, नियमितता, व्यावसायिकता, विश्वसनीयताको सुनिश्चितता, अनुगमन, मूल्याङ्कन तथा परिपालनको प्रभावकारिताको लागि आवश्यक कदमहरू समेत समावेश भएको समय-सारिणी सहितको व्यावसायिक कार्ययोजना (Business Action Plan)।

(च) व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A4 Size को कागजमा तयार गर्नु पर्नेछ। अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा उपशिर्षक १४ प्वाइण्ट वोल्डमा र अन्तर्वस्तु (Text)१२ प्वाइण्ट नर्मलमा तथा नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको मूल शिर्षक १८ प्वाइण्ट बोल्डमा, उपशिर्षक १६ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु १६ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ।

(छ) व्यावसायिक कार्ययोजनाको मूल अन्तर्वस्तुको (Main Text) पहिलो पृष्ठसा पृष्ठ १(1) टाईप गरी सोपछिका पृष्ठहरुमा क्रमानुसार पृष्ठसंख्या उल्लेख गर्नु पर्नेछ।

(ज) व्यावसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन "I" देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गर्नु पर्नेछ।

(झ) तयार पारिएको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा छनौट सूचीमा परेको उम्मेदवारले प्रस्तुतीकरण समेत गर्नु पर्नेछ। प्रस्तुतीकरणका लागि ३० (तिस) मिनेट समय प्रदान गरिनेछ।

६. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भार:

उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्क भार र सो को वर्गीकरण तपसिल अनुसार हुनेछ।

| | |
|---|---|
| (क) शैक्षिक योग्यता | १० |
| (ख) कार्य अनुभव | १० |
| (ग) व्यावसायिक कार्ययोजना | ५० |
| (घ) व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण तथा अन्तवार्ता | ३० |
| **जम्मा** | **१००** |

१. उम्मेदवारको शैक्षिक योग्यता

| **शैक्षिक योग्यता-१०** | **अङ्कभार** |
|---|---|
| **स्नातकोत्तर** | |
| (क)प्रथम श्रेणी | १० |
| (ख) द्वितीय श्रेणी | ९ |
| (ग) तृतीय श्रेणी | ८ |

२. कार्य अनुभव

| **कार्य अनुभव-१०** | **अङ्कभार** |
|---|---|
| (क)५-१० वर्ष | ६ |
| (ख)१०-१५ वर्ष | ८ |
| (ग) १५ वर्षभन्दा माथि | १० |

३. व्यावसायिक कार्ययोजना मूल्याङ्कन आधार

| **व्यावसायिक कार्ययोजना मूल्याङ्कनको आधार -५०** | **अङ्कभार** |
|---|---|
| (क)संस्थाको यथार्थ अवस्था बारेको जानकारी | ५ |
| (ख)स्पष्ट धारणा | ५ |
| (ग) विश्लेषण तथा तार्किकता | १० |
| (घ) सृजनशिलता, नेतृत्व र संयोजन | ५ |
| (ङ) समस्याको पहिचान र सुधारको लागि सुझाव | १५ |
| (च) प्राथमिकता र कार्यान्वयन पक्ष | ५ |
| (छ)कार्य योजनाको ढाँचा लेखन शैली | ५ |

४. व्यवसायिक कार्य योजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता मूल्याङ्कनको आधार

| **व्यवसायिक कार्य योजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता मूल्याङ्कनको आधार -३०** | **अङ्कभार** |
|---|---|
| (क)व्यावसायिक कार्य योजना प्रस्तुतीकरण (प्रस्तुतीको ढांचा र विधि, स्पष्ट धारणा र आत्मविश्वास, क्रिया प्रतिक्रियामा दक्षता र विषय-वस्तुको सान्दर्भिकता) | ६ |

| | |
|---|---|
| (ख) विषयवस्तुको ज्ञान | ६ |
| (ग) व्यक्तित्व र सञ्चार सीप | ६ |
| (घ) तार्किकता र समस्या समाधान क्षमता | ६ |
| (ङ) नेतृत्व र व्यावसायिक गतिशिलता | ६ |

७. <u>उम्मेदवार छनौटका आधार एवं प्रक्रियाः</u>

मूल्याङ्कन अङ्क तालिका (छनौटको आधार) दफा ६ मा उल्लेख भए अनुसार हुनेछ। यसका लागि निम्नवमोजिमको प्रक्रिया अपनाइनेछः

१. उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको व्यावसायिक कार्ययोजनाको परीक्षणवाट प्राप्त अङ्कको प्राथमिकताको आधारमा उम्मेदवारहरू मध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारलाई छनौट गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ।

२. उपदफा (१) वमोजिम छनौट भएका उम्मेदवारहरू मध्ये शैक्षिक योग्यता, कार्य अनुभव, व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्कको आधारमा उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई प्रशासक नियुक्तिका लागि नेपाल सरकार समक्ष वर्णनुक्रमानुसार सिफारिस गरिनेछ।

३. तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरूलाई यथावत् राखी थप आवेदनको लागि ७(सात) दिनको म्याद दिई पुनः दरखास्त आव्हान गरिनेछ।

४. पुनः दरखास्त आव्हान गर्दा उम्मेदवारको आवेदन परे वा नपरे पनि छनौट प्रक्रियालाई अगाडि बढाउन सकिनेछ।

८. <u>व्यावसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्थाः</u>

१. छनौट तथा सिफारिस समितिले आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रित गरी सहयोग लिन सक्नेछ।

२. व्यवसायिक कार्ययोजनाको परीक्षण विषय विज्ञहरुबाट गर्न सकिनेछ।

३. उपदफा (२) बमोजिम प्राप्त अङ्कको आधारमा औसत अङ्क निर्धारण गरी व्यावसायिक कार्ययोजना वापतको प्राप्ताङ्क गणना गरिनेछ।

९. <u>दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः</u> दरखास्त दस्तुर वापत रु ५०००।- तोकिएको बैंकमा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

१०. <u>छनौट सम्बन्धी अन्य व्यवस्थाः</u> छनौट सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ।

११. नेपाल सरकार अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले यस छनौट तथा सिफारिस समितिको सचिवालयको रुपमा काम गर्नेछ।

**अनुसूची-१**

**नेपाल सरकार**

# अर्थ मन्त्रालय

## कर्मचारी सञ्चय कोषको प्रशासकको छनोट तथा सिफारिस समितिको सूचना

**(प्रथम पटक प्रकाशित मितिः- .........)**

कर्मचारी सञ्चय कोषको रिक्त प्रशासक पदमा खुल्ला प्रतिष्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य सिलबन्दी आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. योग्यता तथा अनुभवः**

(क) कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ६क. बमोजिम योग्यता तथा अनुभव भएको।

(ख) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ को दफा ४ बमोजिम अयोग्य नरहेको।

**२. दरखास्त पेस गर्ने प्रक्रियाः**

(क) दरखास्त साथ अर्थ मन्त्रालयको website: www.mof.gov.np मा प्रकाशित कर्मचारी सञ्चय कोषको प्रशासकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ बमोजिमको कागजात तथा विवरण र स्वयं घोषणा निवेदन स्वयंले प्रमाणित गरी पेस गर्नुपर्नेछ।

(ख) दरखास्त पेस गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ५ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखामा पेस गर्नुपर्नेछ। खामबन्दी प्रस्तावको खामवाहिर **"कर्मचारी सञ्चय कोषको प्रशासकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ।

**३. व्यावसायिक काययोजनाको प्रस्तुतीकरणः**

छनोट सूचीमा परेका उम्मेदवारले आफूले पेस गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नुपर्नेछ।

**४. दस्तुरः**

दरखास्त दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५२०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय बाणिज्य बैंक, सिंहदरबार शाखामा रु. ५,०००।- (अक्षेरेपी पाँच हजार मात्र) बुझाएको सक्कलै भौचर पेस गर्नुपर्नेछ।

प्रशासकलाई करारमा उल्लेख भएबमोजिमका सर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ।

**५. अन्य विवरणः**

(क) कर्मचारी सञ्चय कोषको प्रशासकको छनोट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समावेश गर्नुपर्ने विषयका सम्वन्धमा अर्थ मन्त्रालयको website: www.mof.gov.np बाट जानकारी लिन सकिनेछ।

(ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनोट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(ग) झुट्टा विवरण वा कागजात पेस गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा वा टेलिफोन नं. ९८५१३५७११२ मा सम्पर्क गर्न सकिनेछ।

## दफा ३(ङ) सँग सम्बन्धित

## अनुसूची-२

### कर्मचारी सञ्चय कोषको प्रशासकको पदमा आवेदन दिने व्यक्तिले गरेको घोषणा पत्र

.......... जिल्ला ........... गाउँपालिका/नगरपालिका वडा नं. ........ बस्ने .................... को नाति .............. को छोरो वर्ष ............... को म ................ ले कर्मचारी सञ्चय कोषको प्रशासकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ३(ङ) बमोजिम देहायको घोषणा गर्दछु।

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(ख) कर्मचारी सञ्चय कोषसँग ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्तिको कारोवारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कोषसँग निजी स्वार्थ नभएको।

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी बक्यौता नभएको।

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको।

(ङ) टाट नपल्टेको वा बेइमानी वा जालसांजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको।

(च) बैंक तथा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानूनबमोजिम कालो सूचीमा नरहेको।

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको।

(ज) विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त नगरेको।

(छ) कुनै प्रकारको कर तिर्न बाँकी बक्यौता नभएको।

(ज) विदेशी मुलुकको स्थायी बसोवासको अनुमति प्राप्त नगरेको।

(झ) नियामक निकायबाट प्रशासक हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको।

माथि गरेको घोषणा ठीक साँचो छ। फरक परेमा कानून बमोजिम सहुँला बुझाँउला।

नामः

दस्तखतः

मितिः